यशोधरा गाउँपालिका
Yashodhara Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipality Executive
बैदौली, कपिलवस्तु, Baidauli, Kapilvastu
५ नं. प्रदेश, नेपाल, 5 No. Province, Nepal

## दरभाउ पत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/१२/२३

यस कार्यालयबाट आ.व.२०७५/०७६ मा भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित स्थानहरुको निर्माण कार्यहरु दरभाउ पत्रद्वारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको दरभाउ पत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

शर्तहरु :

१. दरभाउ पत्र तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का इजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी दरभाउ पत्र फारम भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयको लेखा शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेका दरभाउ पत्र फाराम नियमानुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण ,ठे.नं. बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्र बिक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्र सोहि दिनकोे २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. सूचनामा उल्लेखित धरौटी बापतको रकम यशोधरा गाउँकार्यपालिकाको कार्यालय बैदौलीको नाममा रहेको धरौटी खाता नं ३११०३०३००७१०७ मा नगद जम्मा गरेका **सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरेको कम्तिमा ९० दिन म्याद भएको** बिड बन्ड बोलपत्र साथ संलग्न हुनुपर्नेछ।

४. दरभाउ पत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउ पत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। दररेट सच्याउनु परेमा सच्चाइएको ठाउँमा दस्तखत र छाप भएको हुनुपर्नेछ। समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन।

५. नेपाल सरकारलाई तिर्न/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दरभाउ पत्र मा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक को दररेट उल्लेख गरिएको हुनु पर्नेछ।

६. बोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउ पत्र भरेको मानिनेछ।

७. दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ।

८. दरभाउ पत्र को डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन।

९. प्राप्त दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. दरभाउ पत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले छाप सहित सहि गर्नुपर्नेछ।

११. दरभाउ पत्र दाताबाट निर्माण कार्यको दरभाउ पत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन।

१२. दरभाउ पत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३. यसमा उल्लेख नभएका बिषयको हकमा नेपाल सरकारको प्रचलित ऐन/नियम अनुसार हुनेछ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. ( भ्याट र कन्टिजेन्सी बाहेक )रु | धरौटी रकम | बोलपत्र/दर भाव पत्रको मुल्य रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७/works/०७५/०७६/YRM/Kapilvastu | गाउँपालिकाको अधुरो भवन निर्माण | १५,०४,०,७२०. | ४००००.०० | १०००.०० | |
| २ | ०८/works/०७५/०७६/YRM/Kapilvastu | महुवरीया सिमना देखि जमुवार सम्म कालोपत्रे सडक ch-0+500-0+738 | १५,४५,२३७७४ | ४००००.०० | १०००.०० | |

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु